# १.समर्ग नेपालमा पाईने वनजंगल, वनस्पति, वन्यजन्तुको किसिम र वन प्रजातिहरुका बारेमा जानकारी



## वनको परिभाषा

✶ **FAO का अनुसार जमिन**:

➲**०.५** हे भन्दा बढी क्षेत्रफल

➲ **५** मिटर भन्दा अग्लो रुखहरु

➲ Tree canopy: **१०%** भन्दा बढी

➲ Strip (एकलाईन) : **२०** मि चौडाई

(**ट्री क्यानोपी (Tree Canopy)** भनेको रूखहरूको माथिल्लो भाग हो, जहाँ हाँगा र पातहरू मिलेर बाक्लो छानो (छायाँ दिने तह) बनाउँछन्। यो क्यानोपीले वनस्पतिहरू, जनावरहरू, र वातावरणलाई प्रभाव पार्छ।)

☞ **Updated**: NLCMS (2024) का अनुसार, **वन क्षेत्र** (43.38%) तथा **अन्य काष्ठयुक्त भूभाग** (OWL: 2.70%) को समावेशसँगै कुल वनावरणीय आवरण **(वन तथा काष्ठ बुट्यान)** 46.08% रहेको छ।

**राष्ट्रिय निकुन्जः १२, वन्यजन्तु आरक्षः १, शिकार आरक्षः १, संरक्षिण क्षेत्रः ६**

✶ ***नेपालको वन ऐन, २०७६*** *अनुसार वन भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकेको क्षेत्र सम्झिनु पर्छ ।*

✶ **नेपालको कुल भू-भाग मध्ये २३.४ प्रतिशत संरक्षित क्षेत्रको रुपमा रहेको छ।**

✶ **स्टेन्टनद्वारा** १९७२ मा नेपालको वनलाई **३५** प्रकारमा विभाजित गरिएको छ।

✶ **जैविक बिबिधता प्रोफाइल प्रोजेक्ट १९९५** अनुसार परिस्थितिय प्रणाली (Ecosystem – **११८**) मा वनलाई **११२** किसिममा छुट्टयाइएको छ । जसमध्ये ८० किसिमका पारिस्थिकीय प्रणालीहरु संरक्षित क्षेत्रहरुमा पर्दछन् ।

✶ **नेपाल जैविक विविधता रणनिति**, **२००२** अनुसार **१०** प्रकारमा छुट्टयाइएको छ ।

✶ **मिहे (Miehe et al.,2015)** अनुसार **५५** प्रकारमा वर्गीकरण गरेको छ।

✶ **राष्ट्रिय वनस्रोत सर्वेक्षण** अनुसार नेपालमा **१५** प्रकारको वन पाईएको छ ।

✶ **नेपालको वन ऐन, २०७६** ले वनलाई भू–स्वामित्वको आधारमा **२** प्रकारमा वर्गीकरण गरेको छ।

@***रानी*** (राष्ट्रिय वन, निजी वन)

## १. राष्ट्रिय वन (National Forest)

यो वन राज्यको स्वामित्वमा रहने वन हो। राष्ट्रिय वनलाई थप पाँच भागमा विभाजन गरिएको छः

- सामुदायिक वन (Community Forest)
- धार्मिक वन (Religious Forest)
- साझेदारी वन (Collaborative Forest)
- वन संरक्षण क्षेत्र (Protected forest area)
- कबुलियती वन (Leasehold Forest)
- सरकारद्वारा व्यवस्थित वन (Government Managed Forest)

## २. निजी वन (Private Forest)